**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित कार्यवाहक प्रतिनिधि जिलियान किट्लीको वक्तव्य**
**पीडितका स्वरहरू : सुनुवाई र सम्बोधन विषयक सम्मेलनमा प्रस्तुत**
**२०६४ पुस १२, काठमाडौं**

राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय; माननीय उपसभामुख श्रीमती चित्रलेखा यादव; प्रतिष्ठित अतिथि, सहकर्मी तथा मित्रहरू:

सर्वप्रथम, देशबाहिर रहनुभएका उच्चायुक्तका प्रतिनिधि श्री रिचर्ड बेनेटको स्थानमा यस नवीन तथा सामयिक कार्यक्रममा यहाँ मलाई बोल्न आमन्त्रण गर्नुभएकोमा म तपाईंहरूलाई धन्यवाद दिन चाहन्छु।

पीडित तथा तिनका परिवारको बयान तथा अनुभूतिहरू मानवअधिकार समुदायमा हाम्रो कामको केन्द्रमा हुन्छन्। हाम्रा प्रतिवेदन र विश्लेषणहरू जेमा आधारित हुन्छन् ती तिनको सार हुन्छन् र हामीले पीडितहरूका कुरा सुनेनौं र उनीहरूलाई समावेश गरेनौं भने दण्डहीनताविरुद्ध लड्ने तथा मानवअधिकारको संरक्षण गर्ने हाम्रा रणनीति सफल हुनेछैनन् तर पीडितहरूका भनाइ सुन्नमा पूरा कार्यक्रम हामी कहिलेकाहीं मात्र लगाउँछौं। त्यस सन्दर्भमा, आगामी दुईदिनसम्म तपाईंहरू सहभागी बन्ने यस कार्यक्रमको आयोजना गरेकोमा म इन्हुरेड इन्टरनेसनल तथा पोपुलेसन वाचलाई धन्यवाद दिन चाहन्छु।

तपाईंहरू सहभागी बन्नुहुने बैठक – भेदभाव, लैङ्गिक अन्याय, जबरजस्ती बसाइँसराइ तथा संरचनात्मक हिंसा – महत्त्वपूर्ण ढङ्गबाट एक अर्कासँग गाँसिएका छन् : तपाईंहरूले सुन्ने सबै व्यक्तिहरूले मानवअधिकार उल्लङ्घन वा दुर्व्यवहारको अनुभव गरेका छन् र यी सबैजसो घटनामा कसैलाई पनि जवाफदेही बनाइएको छैन, कुनै न्याय वा क्षतिपूर्ति दिइएको छैन। त्यस अर्थमा, यस सम्मेलनले महत्त्वपूर्ण परिणाम ल्याउन सक्छ भन्ने मैले ठानेकी छु। यस मञ्चमा आवाज उठाएर उत्तरजीवीहरूले एकदम वैयक्तिक ढङ्गबाट आफ्नो स्थितिको जानकारी दिनसक्ने छन् र अधिकारयुक्त पदमा बस्नेहरूलाई उनीहरूको मानवअधिकार दायित्व पूरा गर्ने गरी प्रतिक्रिया गर्न दबाब बढाउनेछ। नेपालको यो द्वन्द्वोत्तरकालमा स्थापना गरिने सबै सङ्क्रमणकालीन न्याय संयन्त्रमा पीडित–केन्द्रित पद्धतिका लागि आह्वान गर्ने उच्चायुक्तको कार्यालय–नेपाललगायतका सङ्गठनहरूको मागलाई सबल बनाउने कुरा अर्को महत्त्वपूर्ण परिणाम हुनेछ।

बेपत्ता पार्ने कार्यसम्बन्धी मुद्दा पछिल्ला दिनमा सञ्चारमाध्यममा धेरै आएका छन् र यहाँ हुने बैठकहरूमध्ये एउटामा यसलाई सम्बोधन गर्नु अत्यन्त उपयुक्त हुन्छ। साथै, दीर्घकालीन भेदभाव तथा सीमान्तकरणमाथिको छलफल पनि समावेश गरिने कुराबाट म खुसी छु। नेपालमा दिगो शान्तिको आधार स्थापना गर्न गहिरोसँग जरा हालेर बसेका मानवअधिकार उल्लङ्घनहरूलाई यस द्वन्द्वोत्तर चरणमा सम्बोधन गर्नु अत्यावश्यक छ।

अन्त्यमा, भावी नेपाल त्यस्तो देश होस् जहाँ यस्ता घटनाहरू फेरि कहिल्यै नदोहोरिऊन् भनेर आगामी दुईदिनसम्म आफ्ना अनुभूति र पीडा सुनाउन खोज्ने मानवअधिकार उल्लङ्घन र दुर्व्यवहारका उत्तरजीवीहरूलाई म सम्मान गर्न चाहन्छु। भविष्यका लागि त्यस्तो दूरदर्शिता भएका हामीहरूमध्येबाट तपाईंहरूको साहसलाई ध्यानमा राखिनेछ र ठूलो सराहना गरिनेछ।

धन्यवाद।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321
or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org